**संघीय संसद**
**प्रतिनिधि सभा**
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या-३४**

मितिः-२०८१/१०/०८

## छलफल तथा निर्णयहरु

समितिको आजको बैठकको कार्यसूची माथी छलफल भई देहायबमोजिम निर्णय भयो।

१. समितिलाई प्राप्त हुन आएका उजुरी/गुनासो/निवेदनहरुका सम्बन्धमा अध्ययन गरि समितिमा छलफलका लागि तथ्यगत रुपमा प्राथमिकीकरण समेत गरि समितिमा छलफलका लागि पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको अध्ययन उपसमिति गठन गर्ने।

**उजुरी अध्ययन उपसमिति**

| | | |
|---|---|---|
| १. | माननीय संजय गौतम | संयोजक/सभापति |
| २. | माननीय गोकुल प्रसाद बाँस्कोटा | सदस्य |
| ३. | माननीय लेखनाथ दाहाल | सदस्य |
| ४. | माननीय हरि ढकाल | सदस्य |
| ५. | माननीय प्रेम बहादुर आले | सदस्य |
| ६. | माननीय मन्जु खांड | सदस्य |
| ७. | माननीय अमरेश कुमार सिंह | सदस्य |

२. महालेखा परीक्षकको ६० औं प्रतिवेदन माथी मन्त्रालयगतरुपमा छलफल गर्न गठन गरिएका उपसमितिहरुको कामलाई थप तीव्रता दिने। साथै आगामी अधिवेशनमा समितिको प्रतिवेदन पेश गर्ने गरि तयारी गर्ने।

३. यस समितिले विभिन्न निकायसँग माग गरेका केहि प्रतिवेदनहरु (खास गरि Ncell को शेयर विक्री सम्बन्धी, अवैध सुन ओसारपसार लगायतका विषयमा सरकारले गरेको अध्ययन प्रतिवेदनहरु) हालसम्मपनि समितिलाई उपलब्ध नभएकोले यथाशीघ्र उपलब्ध गराउन पुनःपत्राचार गर्ने।

४. मन्त्रालयगत बेरुजु छलफल गर्न गठित उपसमितिहरु मध्ये मा. अर्जुन नरसिंह के.सी. संयोजक रहनु भएको उपसमितिको संयोजकको रुपमा मा. अमरेश कुमार सिंहलाई तोक्ने।

५. मुख्यबालीहरु धान, मकै, गहुँ लगायत बालीलाई आवश्यक पर्ने रासायनिक मलको अभाव हुन नदिन एवं समयमा नै उपलब्ध हुन सक्ने गरी व्यवस्थापन गर्न गराउन कृषि मन्त्रालयलाई निर्देश गर्ने।

६. समितिको अर्को बैठक भोलि बस्ने गरि आजको बैठक स्थगित भयो।